# गौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**Office of the Municpal Executive**
**गौर, रौतहट**
**Gaur, Rautahat**
**मधेश प्रदेश, नेपाल**
**Madhesh Province, Nepal**

## हैण्ड पाईप आपुर्ति सम्बन्धि सिलबन्दी बोलपत्र पेश गर्ने सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०२।०५**

प्रस्तुत विषयमा यस नगरपालिका क्षेत्रभित्रका नगरवासीहरुको लागि स्वच्छ खानेपानी व्यवस्थापन गर्न हैण्ड पाईप आपुर्ति गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी तपसिल बमोजिमको सयम भित्र सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रितपुर्वक प्राप्त हुन नआएका तथा म्याद नाघी प्राप्त हुन आएका सिलबन्दी बोलपत्र उपर कुनै कार्यवाही हुने छैन । सिलबन्दी बोलपत्र पेश गर्दा खाम बाहिर सिलबन्दी बोलपत्र नं. प्रष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

| ठेक्का नं. | ठेक्का/योजनाको नाम | लागत अनुमान रकम रु. (भ्याट वाहेक) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम (रु) | खरिद माध्यम |
|---|---|---|---|---|---|
| ०८/०७९/०८० | **Supply of hand pipe work** | ३२,७५,९८६।०६ | ३,०००।- | ९२,६००।०० | सिलबन्दी बोलपत्र |

१. सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८०।०२।०४ गते कार्यालय समय भित्र ।
२. सिलबन्दी बोलपत्र दर्ता गर्ने मिति २०८०।०२।०५ गते दिनको १२ बजे भित्र ।
३. सिलबन्दी बोलपत्र खोल्ने मिति २०८०।०२।०५ गते अपरान्ह २ बजे ।
४. सिलबन्दी बोलपत्र खरिद तथा दर्ता गर्ने स्थान गौर नगर कार्यपालिकाको कार्यालय, रौतहट ।
५. सिलबन्दी बोलपत्र दस्तुर रु ३,०००।- (तिन हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयको नाममा रा. वा. बैंक गौरमा रहेको खाता नं. १२१०१००३०१०१०००५ मा रकम दाखिला गरेको सक्कल बैंक भौचर वा कार्यालयमा नगदै बुझाई नगदी रसिद पेश गर्नु पर्नेछ ।
६. सिलबन्दी बोलपत्रको साथ व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी र आ. व. २०७८।०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समावेश गर्नु पर्नेछ ।
७. नगरपालिकाको कुनै पनि प्रकारको बाकी बक्यौता रहेको फर्म, कम्पनी तथा सप्लायर्सलाई सिलबन्दी बोलपत्र फारम बिक्री गरिने छैन ।
८. सिलबन्दी बोलपत्र, बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर प्रतिनिधि अनुपस्थित भएमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।
९. धरौटी वापत रु ९२,६००।०० यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा गौरमा रहेको खाता नं. १२१०१००३०३००००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको १२० दिन म्याद रहेको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।
१०. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहेनछ ।
११. यस सम्बन्धि कारोबार गर्दा लाग्ने सम्पूर्ण करहरु सिलबन्दी बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।
१२. आपुर्ति गरिने सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ । कम गुणस्तरको सामान आपुर्ति गरिएमा सामान जफत गरी आवश्यक कानूनी कार्यवाही अवलम्बन गरिनेछ ।
१३. सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खरिद तथा दर्ता सम्बन्धी कार्य गर्न सक्निेछ ।
१४. माथि उल्लेख नभएको अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

सुभाष कुमार ठाकुर
प्रमुख प्रशासकिय अधिकृत